**Roll No.** | | | | | | | |

(Write Roll Number from left side exactly as in the Admit Card)

*Signature of Invigilators*

1. ______________________

2. ______________________

**Question Booklet Series** **X**

**3017**

**PAPER–II** **Question Booklet No.**

(Identical with OMR Answer Sheet Number)

**Subject Code : 30**

# NEPALI

*Time : 1 Hour 15 Minutes* *Maximum Marks: 100*

## *Instructions for the Candidates*

1. Write your Roll Number in the space provided on the top of this page as well as on the OMR Sheet provided.
2. At the commencement of the examination, the question booklet will be given to you. In the first 5 minutes, you are requested to open the booklet and verify it:
   (i) To have access to the Question Booklet, tear off the paper seal on the edge of this cover page.
   (ii) Faulty booklet, if detected, should be get replaced immediately by a correct booklet from the invigilator within the period of 5 minutes. Afterwards, neither the Question Booklet will be replaced nor any extra time will be given.
   (iii) Verify whether the Question Booklet No. is identical with OMR Answer Sheet No.; if not, the full set to be replaced.
   (iv) After this verification is over, the Question Booklet Series and Question Booklet Number should be entered on the OMR Sheet.
3. This paper consists of fifty (50) multiple-choice type questions. All the questions are compulsory. Each question carries *two* marks.
4. Each Question has four alternative responses marked: (A) (B) (C) (D). You have to darken the circle as indicated below on the correct response against each question.

   *Example:* (A) (B) ● (D), where (C) is the correct response.
5. Your responses to the questions are to be indicated correctly in the OMR Sheet. If you mark your response at any place other than in the circle in the OMR Sheet, it will not be evaluated.
6. Rough work is to be done at the end of this booklet.
7. If you write your Name, Roll Number, Phone Number or put any mark on any part of the OMR Sheet, except the space allotted for the relevant entries, which may disclose your identity, or use abusive language or employ any other unfair means, such as change of response by scratching or using white fluid, you will render yourself liable to disqualification.
8. Do not tamper or fold the OMR Sheet in any way. If you do so, your OMR Sheet will not be evaluated.
9. You have to return the Original OMR Sheet to the invigilator at the end of the examination compulsorily and must not carry it with you outside the Examination Hall. You are, however, allowed to carry question booklet and duplicate copy of OMR Sheet after completion of examination.
10. **Use only Black Ball point pen.**
11. **Use of any calculator or mobile phone etc. is strictly prohibited.**
12. **There are no negative marks for incorrect answers.**

**[Please Turn Over]**

# NEPALI

## PAPER II

**1.** ''ठोकुवा गरेर भन्न सकिन्छ नेपालीमा यति सरस भजन र स्तुति गीत लेख्ने रच्ने अझ कोही भएको छैन। दु:ख निवारकले पहिलोपल्ट सरस्वती पूजा गर्दा उहाँले बनाएको यै 'ओम श्री गुण गाऊँ. . . .' गाएको, अझै यै गीत गाउँछ।''

—इन्द्रबहादुर राईले यस उद्धरणमा 'उहाँले' भनेर कसतर्फ औँल्याएका हुन्?

(A) धरणीधर कोइराला

(B) हस्तलाल गिरी

(C) धनवीर मुखिया

(D) हर्कबहादुर शाही

**2.** ''लक्ष्मीप्रसाद र बालकृष्णको भाषा आज लेखनाथले प्राय: पचास वर्ष जति भाषाको सेवा नगरेको भए यति उज्वल र रंगदार हुने थिएन।''

—देवकोटा र समका भाषा-शैलीको यसरी मूल्याङ्कन गर्ने समालोचक को हुन्?

(A) कृष्णचन्द्रसिंह प्रधान

(B) वासुदेव त्रिपाठी

(C) कुमार प्रधान

(D) इन्द्रबहादुर राई

**3.** ''क्रिस्न कनैयाले जन्म लियो है
खुसी भयो सनसार
अघि गुवालो पछि गुवालिन रे
बिच बिच क्रिस्न कनैया
कंस कलङ्की कैसो समझाऊँ
बालख कैसो बचाऊँ''

—यो कुन प्रकारको लोकगीत हो?

(A) खैँजडी भजन

(B) भोलाउलो

(C) पडेली

(D) धमारी

**4.** लोकगीतमा घरिघरि दोहोरिएर प्रयोग हुन आउने शब्दलाई थेगो भनिन्छ। थेगोका अरू पर्यायवाची रूप के हुन्?

(A) लय, भाका

(B) स्थायी, अन्तरा

(C) रहनी, बथन

(D) अड्को, हुड्को

**5.** नेपाली भाषालाई कसले के भने?

| *सूची– I* | | *सूची– II* | |
|---|---|---|---|
| (a) | पार्वती भाषा | (i) | जयपृथ्वीबहादुर सिंह |
| (b) | लोक भाषा | (ii) | सुन्दरानन्द बाँडा |
| (c) | राज भाषा | (iii) | शक्तिवल्लभ अर्याल |
| (d) | प्राकृत भाषा | (iv) | विद्यापति |

*कूट :*

| | (a) | (b) | (c) | (d) |
|---|---|---|---|---|
| (A) | (iv) | (iii) | (ii) | (i) |
| (B) | (ii) | (i) | (iv) | (iii) |
| (C) | (ii) | (iii) | (iv) | (i) |
| (D) | (iii) | (iv) | (i) | (ii) |

**6.** छन्द भनेको के हो?

(A) मात्रा मिलाएर लेखिएको कविता

(B) कविताका प्रत्येक पङ्क्तिमा गणहरू एउटै सङ्ख्यामा हुनुपर्छ भन्ने नियम

(C) वर्ण र मात्राको नियमित अनुक्रमले दिने गति र यति

(D) नियमित मात्रा र वर्णका आधारमा विश्राम हुने लय

**7.** 'मेरा कुरा सुनेर त्यसले पिलपिल आँसु झा-यो।'
—यस वाक्यमा परेको 'पिलपिल' शब्द कुन वर्गमा पर्छ?

(A) नाम

(B) विशेषण

(C) क्रियायोगी

(D) नामयोगी

**8.** संयुक्त उपन्यासलेखनअन्तर्गत दसजना लेखकले मिलेर लेखेको उपन्यास कुन हो?

(A) देहमुक्त

(B) विस्थापन

(C) ज्यागा

(D) आकाश विभाजित छ

**9.** 'पर्सितिर म तिम्रा घरमा आऊँला।'
—यस वाक्यको क्रियापद कुन पक्षमा छ?

(A) सामान्य भविष्यत्

(B) सन्दिग्ध वर्तमान

(C) सम्भाव्य भविष्यत्

(D) अपूर्ण भविष्यत्

**10.** 'तत् तत् समयका मनोभावलाई अभिव्यञ्जन गर्ने आकृति वा चेष्टाहरू'–लाई कस्तो नाट्याभिनयको संज्ञा दिइएको छ?

(A) आङ्गिक

(B) वाचिक

(C) आहार्य

(D) सात्विक

**11.** ''मुख खोलिदिँदा सब विश्व खुली
न त मट्टि मिली अलमल्ल बली,
सब दिव्य चराचर छक्क परी,
जननी स्तुति गर्दिभइन् विचरी।''
—कृष्णले मुख खोलेर विश्वरूप दर्शन गराएको प्रसङ्गमा केन्द्रित उपर्युक्त कवितांश कुन रसको दृष्टान्त हो?

(A) वीभत्स

(B) अद्‌भूत

(C) वीर

(D) भयानक

**12.** ''हिमालै चुलि त्यो पारी बाटो दाउराको खलियो
कलिलो माया छुट्टिन लाग्यो मन बाँध बलियो।''
—लोक गीतको भाका र शब्द टिपिएको उपर्युक्त पङ्क्ति कसको कुन पुस्तकमा पहिलोपल्ट सङ्कलित भएको थियो?

(A) बहादुरसिंह बरालको 'बरालको आँसु'

(B) हाजिरमान राईको 'मीठा मीठा गीतहरू'

(C) लक्ष्मण लोहनीको 'रोदीघर'

(D) नेपाली लोक गीत सङ्ग्रहालयद्वारा प्रकाशित 'डाँफेचरी'

**13.** ''हिमालै चुलि त्यो पारी बाटो दाउराको खलियो
कलिलो माया छुट्टिन लाग्यो मन बाँध बलियो।''
—माथिको गीतको अंशमा प्रयुक्त 'खलियो' शब्दको अर्थ के हो?

(A) हुरहुर गरी दन्केको आगो

(B) बोक्नका लागि तयार पारिएको धानको बिटो

(C) अगेनामाथि भारमा राखिएको काँचो दाउरा

(D) मिलाएर राखिएको काठ–पात आदिको थाक

**14.** 'मसान' नाटकको पुरुष पात्र कृष्णलाई इब्सेनवादीहरू कस्तो चरित्र मान्छन्?

(A) म्यासकिस्ट

(B) न्युरोसिस्ट

(C) किन्डरमोर्ड

(D) प्यारानोइड

**15.** माध्यमिककालीन 'सूक्तिसिन्धु' का लेखकहरूलाई 'ढाँटेढुँटे कवि', 'कुक्तिकूधा प्रचारी' भनेर आक्षेप लाउने व्यक्ति को हुन्?

(A) यदुनाथ खनाल

(B) रामकृष्ण शर्मा

(C) धरणीधर कोइराला

(D) शम्भुप्रसाद ढुङ्गेल

**16.** वीर पुरुषहरूको प्रशंसा र सम्झनामा गाइने वीररसप्रधान लोक गीतलाई के भनिन्छ?

(A) रोइला

(B) कर्खा

(C) खाँडो

(D) भुओ

**17.** इन्द्रबहादुर राई लिखित 'भागी' कथाको नायकको नाम के हो?

(A) भागीमान

(B) भागीराम

(C) भगीरथ

(D) भागवत्

**18.** ''नाट्यशाला छ आकाश, नाचने बिजुली नटी।
ताल दिन्छ तबल्ची भै मेघ धाकिटि धाकिटि।।''
—यस श्लोकमा कुन अलङ्कार परेको छ?

(A) श्लेष

(B) उपमा

(C) उत्प्रेक्षा

(D) रूपक

**19.** सानामा खोप्पी खेल्न र पैसा मार्न साह्रै सिपालु हुनाले 'खोप्पिको जमदार' नामले चिनिने लेखक को हुन्?

(A) पादरी गङ्गाप्रसाद प्रधान

(B) पारसमणि प्रधान

(C) पं० दिलुसिंह राई

(D) हैकमसिंह राई

**20.** सवाई छन्दमा रचिएको पहिलो नेपाली काव्यकृति कुन हो?

(A) ज्ञानदिलदासको 'उदयलहरी'

(B) सुन्दरानन्द बाँडाको 'बहादुरशाहवर्णनम्'

(C) वसन्त शर्माको 'समुद्रलहरी'

(D) उदयानन्दको 'वेताल पच्चिसी'

**21.** गद्यकाव्यमा छन्दविहीन तर छन्दको टुक्रा जस्तो देखिने सामासिक गद्यलाई के भनिन्छ?

(A) मुक्तक

(B) चूर्णक

(C) उत्कलिका

(D) वृत्तगन्धि

**22.** 'अन्ली आइडियाज आर रियल' अर्थात् 'विचारहरू मात्रै सत्य हुन्' भन्ने प्रसिद्ध भनाइ कुन प्राचीन दार्शनिकको हो?

(A) सोक्रेटस

(B) प्लेटो

(C) एरिस्टोटल

(D) होमर

**23.** ''यो घर पहिरोले लँदैछ, हामीलाई तान्दै लँदैछ, जस्तो लाग्यो।''

—'रातभरि हुरी चल्यो' कथाबाट उद्धृत यो संवाद कसले बोलेको हो?

(A) कालेको बाबुले

(B) कालेकी आमाले

(C) कथक पात्रले

(D) नेपथ्य पात्रले

**24.** तलका मध्ये अगमसिंह गिरीले सम्पादन गरेको पत्रिका कुन हो?

(A) अञ्जली

(B) दीयो

(C) किरण

(D) कमल

**25.** लेखनाथ पौड्यालको 'बुद्धि विनोद' को प्रतिद्वन्द्वितामा शम्भुप्रसाद ढुङ्गेलद्वारा रचित कृति कुन हो?

(A) द्यूत शतक

(B) चन्द्रप्रताप वर्णन

(C) उपदेशलहरी

(D) घमण्डको दण्ड

**26.** नेपाली भाषामा सराबरी प्रयोग हुने भोट-बर्मेली परिवार अन्तर्गत पर्ने 'चोलो', 'बाउसे', 'पटुका' जस्ता शब्दको स्रोत कुन हो?

(A) नेवारी

(B) तिब्बती

(C) मगराती

(D) किराती

**27.** 'मेरो कलम चिप्ले किराको जस्तो छ।'

—यो कसको मन्तव्य हो?

(A) लेखनाथ पौड्याल

(B) शम्भुप्रसाद ढुङ्गेल

(C) गोपालप्रसाद रिमाल

(D) सोमनाथ सिग्देल

**28.** बालकृष्ण सम द्वारा रचित 'मेरो कविताको आराधन' कस्तो कृति हो?

(A) कोषकाव्य

(B) चम्पू

(C) गद्यकाव्य

(D) खण्डकाव्य

**29.** ''मेरो जन्म एउटा द्विविधामा भएको हो। मृत्युलोकको द्वारसम्म आएर मानौँ म गम्न लागेँ - जाऊँ कि नजाऊँ?''

—यसरी आफ्नो जन्म नै द्विविधापूर्ण रहेको मान्ने लेखक को हुन्?

(A) बालकृष्ण सम

(B) लक्ष्मीप्रसाद देवकोटा

(C) विश्वेश्वरप्रसाद कोइराला

(D) इन्द्रबहादुर राई

**30.** ''यो सतीले सरापेको ठाउँ हो'' भनिएको दु:खपुर कुन उपन्यासको पटभूमि हो?

(A) ध्रुवचन्द्र गौतमको 'अलिखित'

(B) नयनराज पाण्डेको 'घामकिरी'

(C) कुमार नगरकोटीको 'घाटमान्डु'

(D) नारायण ढकालको 'प्रेतकल्प'

**31.** नेपाली कविता साहित्यमा कूटरचनाका प्रथम प्रयोक्ता कसलाई मानिएको छ?

(A) राजीवलोचन जोशी

(B) सुवानन्ददास

(C) हीनव्याकरणी विद्यापति

(D) पतञ्जलि गजुरेल

**32.** प्राथमिककालीन नेपाली वाङ्मयमा राजनीतिक चेतनासम्पन्न ग्रन्थ 'राजधर्म' कसको रचना हो?

(A) दैवज्ञकुशलसिंह

(B) ललितत्रिपुरसुन्दरी

(C) ज्योतिनरसिंह

(D) शिवनृसिंह

**33.** काव्यदोषबारे चर्चा गर्दा व्याकरणिक नियम विरुद्ध गरिएको अशुद्ध पदप्रयोगलाई के भनिन्छ?

(A) विरुद्धमतिकारिता

(B) नेयार्थता

(C) निहतार्थता

(D) च्युतसंस्कृति

**34.** जे ए एटनको 'ग्रामर अव् दि नेपलिज ल्याङ्ग्वेज' मा सङ्कलित 'मुन्सीका तीन आहान' का तीनवटा कथामध्ये दोस्रोचाहिँ कुन लोक कथासित तुलनीय वा सम्बद्ध मानिएको छ?

(A) सिंहासन बत्तीसीको 'राजा भरथरीको कथा'

(B) 'चोर्नेको टाउकामा सिन्को छ' भन्ने दन्ते कथा

(C) 'लौराको बिटो भाँच्न लगाएको' कथा

(D) 'सधैँ झगडा गर्ने लोग्नेस्वास्नी' को कथा

**35.** ''खासमा जे लेख्न बसेको छु त्यसको उपयुक्त शीर्षक यो भएन।''

—शङ्कर लामिछानेले त्यो उपयुक्त नभएको भनी ठानेको रचनाको शीर्षक कुन हो?

(A) तारापुञ्ज: अन्धाको ब्रेल

(B) एब्स्ट्र्याक्ट चिन्तन प्याज

(C) शङ्कर लामिछाने: शङ्कर लामिछानेको दृष्टिमा

(D) गोधूलि संसार

**36.** ''ओइलाउँदै गरेका फूलहरू, मरणासन्न व्यक्ति, लड्दै गरेका भवन – अट्टालिका, सुक्दै मर्दै गएको कुनै रुख इत्यादि तथ्यबाट नश्वरता यिनमा निहित सत्य हो भन्ने सार बोध हुन्छ।''

—शोध – विधिगत शब्दावलीमा यस प्रकारको साझा सार ग्रहणलाई के भनिन्छ?

(A) नमुना सङ्कलन

(B) सामान्यीकरण

(C) सिद्धान्तीकरण

(D) तथ्याङ्क विश्लेषण

**37.** ''उनीभन्दा पहिलेको नेपाली समालोचना जीवनीपरक, गुणानुवादपरक र आस्वादनमूलक मात्र थियो, कृतिकार र कृतिभित्रका दोष एवं गुण दुवैलाई देखाउन नहिचकिचाउने र स्पष्ट शब्दमा आफ्नो निर्णय दिने पद्धतिको सुरुआत गरेर निर्णयात्मक समालोचनाको थालनी उनले गरे।''

—यस उद्धरणमा 'उनी' भनेर कसका विषयमा भनिएको हो?

(A) सूर्यविक्रम ज्ञवाली

(B) रत्नध्वज जोशी

(C) रामकृष्ण शर्मा

(D) यदुनाथ खनाल

**38.** ''त्यो अवतारि: पसुदेव: को हो को हो;
कविले बिर्ता पांउन्या बाटो हो हो।।''

—यस कवितांशमा 'अवतारि' कसलाई भनिएको हो?

(A) पशुपतिनाथ

(B) शिवको बसाहा

(C) नृसिंह अवतार

(D) साँढे

**39.** ''त्यो अवतारि: पसुदेव: को हो को हो;
कविले बिर्ता पांउन्या बाटो हो हो।''

—माथि उद्‌धृत कवितांशमा रहेको 'बिर्ता' शब्दको अर्थ के हो?

(A) वीर हुनाको लक्षण

(B) दान स्वरूप दिइने सम्पत्ति

(C) बहादुरी देखाएवापत वा वृत्तिका निम्ति सरकारबाट पाएको नि:शुल्क जग्गा

(D) पुर्खाहरूको कमाइ

**40.** ''त्यो अवतारि: पसुदेव: को हो को हो;
कविले बिर्ता पांउन्या बाटो हो हो।''

—'त्यो अवतारि: पसुदेव:' लाई किन 'कविले बिर्ता पांउन्या बाटो हो' भनेको हो?

(A) पशुपतिनाथको कृपाले कविले बिर्ता पाउँछन्

(B) 'अवतारि' का संसर्गले वीरले वीरगति प्राप्त गर्दछ

(C) 'अवतारि पसुदेव' नै त्यो शक्ति हो जसबाट वीरले वीरत्व प्राप्त गर्दछ

(D) 'अवतारि पसुदेव' बारे कवितालेखेर कविले राजाबाट बिर्ता पाउँछन्

**41.** वार्णिक संरचना भएको सामान्य रूपलाई के भनिन्छ?

(A) व्यक्त रूप

(B) रिक्त रूप

(C) सम्पृक्त रूप

(D) शून्य रूप

**42.** 'यो घर कति झलमल्ल उज्यालो छ नि!'

—यस वाक्यमा कतिवटा शाब्दिक र कतिचाहिँ अशाब्दिक वर्गका शब्द छन्?

(A) दुईवटा अशाब्दिक, पाँचवटा शाब्दिक

(B) तीनवटा अशाब्दिक, चारवटा शाब्दिक

(C) चारवटा अशाब्दिक, तीनवटा शाब्दिक

(D) पाँचवटा अशाब्दिक, दुईवटा शाब्दिक

**43.** क्रोचेको अभिव्यञ्जनावादी कला-दर्शनअनुसार तलकामध्ये कुन कथन सही हो?

(A) तार्किक ज्ञानबिनाको सहज ज्ञान मालिकबिनाको नोकर जस्तै हो।

(B) सहज ज्ञान आफै आफ्नो स्वामी हो, त्यसले अन्य कुनै कुराको आश्रय लिनुपर्दैन।

(C) कलाको मूल आधार तार्किक ज्ञान हो।

(D) कलाको विवेचनाका सन्दर्भमा सहज ज्ञान अप्रासङ्गिक र गौण महत्त्वको हुन्छ।

**44.** आर एल टर्नरले केलाएको व्युत्पत्तिअनुसार तलकामध्ये कुन नेपाली शब्द आग्नेय मूलका हुन्?

(A) कोरी, कोडी

(B) छिँडी, साल्मी

(C) ताउलो, आउन्स

(D) खोल्मा, लमी

**45.** हरिभक्त कटुवालले १९६५ को भारत-पाकिस्तान युद्धमा सहिद हुने गोर्खा सैनिकका नाममा समर्पण गरेको कविता कुन हो?

(A) 'उत्तरतिर कंश करायो'

(B) 'खै मान्यता यहाँ आत्माहुतिको-वलिदानको'

(C) 'हामीलाई निर्धो नसम्झ'

(D) 'बारुद र सेतो परेवा'

**46.** प्रारम्भमा फ्रायडेली मान्यताका प्रचण्ड विरोधी तर परवर्तीकालमा फ्रायडेली पथलाई राजपथको संज्ञा दिने व्यक्ति को हुन्?

(A) जाँ कोक्तेआँ

(B) साल्वादोर डाली

(C) आन्द्रे ब्रेतोँ

(D) लुई आरागोँ

**47.** नेपाली पत्र–पत्रिकाको आधिकारिक सन्दर्भग्रन्थ सूची कुन हो?

(A) मदन गौरव

(B) मदन पौरख

(C) मदन सौरभ

(D) यस्तो पनि

**48.** भरतमुनिले मानेका काव्यका सातवटा लक्षणमध्ये चारवटा मृदुललित पदार्थ, गूढशब्दार्थहीन, सर्वसुगम, युक्तियुक्त हुन् भने अरू तीनवटा कुन कुन हुन्?

(A) अलङ्कारयुक्त, रससिक्त, वक्रोक्तिप्रधान

(B) सन्धियुक्त, विविध रसानुभूतिप्रदायक, नृत्योपयोगी

(C) ध्वनिप्रधान, प्रसादगुणयुक्त, लालित्यप्रधान

(D) सौन्दर्यमूलक, सुबोध, ख्यातवस्तु आश्रित

**49.** 'आलोचना' कस्तो शब्द हो?

(A) यौगिक

(B) रूढ

(C) योगरूढ

(D) समस्त

**50.** ''प्रभु भनि हरिलाई भावनामा बसाएँ
मन नमन दुवै यी नाथलाई चढाएँ
नय विनय दुवै यी छन् उहाँका पियारा
भनि हरदम गर्छन् भक्त सारा पुकारा।''

—यस पद्यमा कस्तो काव्यध्वनि पाइन्छ?

(A) शब्दशक्त्युद्भव वस्तुध्वनि

(B) शब्दशक्त्युद्भव अलङ्कारध्वनि

(C) अर्थशक्त्युद्भव स्वतःसम्भवी

(D) कविप्रौढोक्तिसिद्ध

**ROUGH WORK**

**ROUGH WORK**

**ROUGH WORK**